गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा
गढवा देउखुरी दाङ
५ न. प्रदेश, नेपाल

प.सं. २०७५/०७६

च.नं. : ४२

मिति : २०७५/९/१२

**विषय** : विद्यालय संचालन/कक्षा थप अनुमति सम्बन्धि सूचना ।

सबै सामुदायिक तथा संथागत विद्यालयहरु

गढवा गाउँपालिका,दाङ्ग ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७६ का लागि गढवा गाउँपालिका क्षेत्र भित्र संचालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले विद्यालय संचालन तथा कक्षा थप अनुमति लिन चाहेमा गढवा गाउँशिक्षा नियमावली २०७४ को नियम ४ बमोजिम पूर्वाधार पुरा गरी अनुसूचि १ को ढाँचामा तपसिल बमोजिमका कागजातहरु सहित अनुमतिका लागि पौष मसान्त भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

१.गढवा गाउँशिक्षा नियमावली २०७४ को अनुसूचि १ बमोजिमको ढाँचामा निवेदन ।

२.नजिकका समान तहका २ वटा विद्यालयहरुको सहमति पत्र ।

३.विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।

४.तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपि ।

५.कम्तीमा ३ बर्षसम्म निजी स्रोतमा संचालन गर्ने सम्बन्धि विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता । (सामुदायिक विद्यालयको हकमा )

६.शिक्षक नियुक्ति तथा शैक्षिक योग्यताको प्रतिलिपि ।

७.जग्गा धनी प्रमाणपत्र । (सामुदायिक विद्यालयको हकमा)

८.अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन ।

९.जग्गा वा घर भाडामा लिने भए कम्तिमा ५ बर्षसम्मको लागि जग्गा वा जग्गा धनीको बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा ।( संथागत विद्यालयको हकमा)

१०.पाठ्यपुस्तक तथा शुल्क विवरण,कर चुक्ता प्रमाणपत्र (संस्थागत विद्यालयको हकमा)

११.कम्पनीको प्रमाणपत्र,प्रबन्ध पत्र,नियमावलीको प्रतिलिपी ।(संस्थागत विद्यालयको हकमा)

१२.घर भाडामा भए जग्गा धनीको लालपुर्जा र सम्झौताको प्रतिलिपी । (संस्थागत विद्यालयको हकमा)

१३.विद्यालयको आर्थिक स्रोत खुलेको प्रमाणपत्र । (सामुदायिक विद्यालयको हकमा)

१४.प्रस्तावित विद्यालयको शैक्षिक नक्सा ।

१५.वडा कार्यालयको सिफारिस ।

१६.सार्वजनिक गुठी वा निजी गुठी ऐन अन्तरगत दर्ता भई विधान,नियमावली,प्रबन्धपत्र सोही बमोजिम पेश गर्नु पर्ने छ ।(संथागत विद्यालयको हकमा)

..................

(ऋषिराम के.सी.)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत